# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३

सूचना नं. ०२/म.बा.-जे. शाखा

---

**अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम कार्यान्वयनको लागि संस्था छनोट सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२०)

यस गाउँपालिकाबाट आ.व २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम **(प्रदेश ससर्त)** अन्तर्गत समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वयनको लागि विनियोजित रु ३,००,०००/- (अक्षरुपी रु तीन लाख मात्र) रकम अपाङगताको क्षेत्रमा काम गर्ने संघ-संस्थाहरुको साझेदारीमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि अवसर, पहुँच, जिविकोपार्जन र आयआर्जन हुने कार्यक्रम संचालन गर्नुपर्ने हुदाँ अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा उल्लेखित मापदण्ड भित्र रहि यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमका कागजात संलग्न गरी संचालन गर्ने कार्यक्रमको आर्थिक विवरण सहितको प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१. संस्था दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि,
२. स्थायी लेखा नं प्रमाण-पत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी,
३. समाज कल्याण परिषदमा आबद्धता प्रमाण-पत्रको प्रतिलिपी,
४. संस्थाको विधान, प्रशासनिक र आर्थिक नियमावलीको प्रमाणित प्रतिलिपि,
५. आ.व २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
६. यस कार्यालयमा सूचिकृत भएको प्रमाण-पत्रको प्रतिलिपि,
७. संस्थाको प्रोफाइल, संस्थाको भौतिक पुर्वाधार तथा कर्मचारीको अवस्था दर्शाउने कागजातको प्रमाणित प्रतिलिपि,
८. विगतका वर्षहरुमा संस्थाले अपाङ्गता क्षेत्रमा गरेको कामको अनुभव सम्बन्धी कागजातहरु,
९. आवश्यकता अनुसार अन्य कागजातहरु।

(अनिशा आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

**अनिशा आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**